Pragya Darshan 2023, 5(2): 26-29
ISSN: 2542-2634 (print)

@DEPAN, UCU
Research Article

# भाषा योजनाको उद्देश्य, कार्य र आवश्यकता

शिव प्रसाद तिमल्सेना
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं
Email: shivatimalsena@gmail.com

Received: 27th April, 2023; Revised: 13th June, 2023; Accepted: 7th August, 2023

## लेखसार

भाषाको विकास, संरक्षण, संवर्धन र स्तर निर्धारणका सम्बन्धमा भाषा नीति अनुसार आधिकारिक रूपमा तय गरिने कार्यान्वयनको खाकालाई भाषा योजना भनिन्छ । यस्तो योजना कार्यमूलक र प्रायोगिक खालको हुनु पर्दछ । जसले भाषिक नीतिमा अघि सारिएका विषयलाई कार्यान्वयनको बाटोमा लैजाने गर्दछ । भाषा योजना मूलतः भाषाको शुद्धीकरण, पुनरुत्थान, सुधार, मानकीकरण, विस्तार, कोशको आधुनिकीकरण, पारिभाषिक शब्दावलीको प्रयोग, शैलीगत सरलीकरण, अन्तरभाषिक सञ्चार तथा सहायक कोडको निर्माण गर्ने उद्देश्यले तयार पारिएको हुन्छ । भाषा योजनाले मूलतः भाषिक व्यवस्थापन, भाषाको संरक्षण, विकास र संवर्धन, भाषिक जीवन्तता तथा सामाजिक सद्भाव र राष्ट्रियताको भावको जागरण आदि कार्य गर्ने गर्दछ । यसरी भाषालाई विस्तार गर्ने, भाषिक जीवन्तता कायम गर्ने, राष्ट्रिय अखण्डता कायम गर्ने, भाषालाई देश विदेशसम्म प्रचारप्रसार गर्ने आदि कार्य गर्ने भएकाले एक भाषिक वा बहुभाषिक मुलुकका लागि भाषा योजनाको निर्माण र कार्यान्वयन आवश्यक मानिन्छ । तर नेपालको सन्दर्भमा हेर्दा प्रभावकारी भाषा योजनाको निर्माण र कार्यान्वयनमा अग्रसर भएको अवस्था पाइँदैन । यिनै सन्दर्भमा यस लेखमा भाषा योजनाको परिचय दिई यसका उद्देश्य, कार्य तथा आवश्यकतालाई निरूपण गर्ने प्रयास गरिएको छ । गुणात्मक ढाँचामा संरचित यस लेखमा आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय पद्धतिबाट विभिन्न सन्दर्भकृतिका सहायताले गरिएको छ भने तिनको सङ्गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ ।

**मुख्य पद/पदावली :** *भाषिक विविधता, भाषिक व्यवस्थापन, स्तरीकरण, भाषा पुनर्संरचना, भाषा उपचार ।*

### अध्ययनको पृष्ठभूमि

भाषा योजना समाज भाषा विज्ञानको प्रायोगिक पक्षसँग सम्बन्धित महत्त्वपूर्ण क्षेत्र हो । "यस शब्दको प्रथम प्रयोग सन् १९५९ मा नर्वेली भाषा स्तरीकरणका अध्ययनको सन्दर्भमा हजिनले गरेका थिए" (घिमिरे, २०६५ : पृ. १२२) । भाषा योजनालाई भाषाको विकास र विस्तारका लागि गरिने व्यवस्थित प्रयासका रूपमा चिनाउन सकिन्छ । "भाषा योजना भनेको भाषाको विकास, संरक्षण तथा संवर्धनका लागि संस्थागत वा सरकारी स्तरबाट भएको आधिकारिक र दीर्घकालीन प्रयास हो । यसमा देशको भाषिक स्थितिको अध्ययनका आधारमा निर्णय गर्ने, नीति निर्धारण गर्ने, कार्यक्रम बनाउने आदि कुराहरू सम्बद्ध हुन्छन्" (अधिकारी, २०६२ : पृ. ४८) । यस्तो योजनामा देशभित्र देखिएका भाषिक समस्यालाई कसरी सम्बोधन गर्ने, आपसी सम्प्रेषणका कठिनाइहरूलाई कसरी हटाउने, भाषिक विविधतालाई कसरी समेट्ने भन्नेबारेमा स्पष्ट मार्गचित्र उल्लेख गरिएको हुन्छ ।

विन्सटिनका अनुसार "समाजमा विचार विनिमयको समस्या समाधान गर्ने हेतुले भाषाको कार्यगत परिवर्तनका लागि गरिने आधिकारिक, दीर्घकालीन, विश्वसनीय र सचेत प्रयत्न भाषा योजना हो" (घिमिरे, २०६५ : पृ. १२३ मा उद्धृतांश) । फिसम्यानले "विशेष प्रकारले राष्ट्रिय तहमा गरिने भाषिक समस्या समाधानको सङ्गठित प्रयास" (घिमिरे, २०६५ : पृ. १२३ मा उद्धृतांश) लाई भाषा योजना मानेका छन् । वार्डहग (सन् २००६ : पृ. ३५६) ले भाषा योजनालाई "आधुनिक राष्ट्र निर्माणको अभिन्न अङ्ग" भनेका छन् । इसायेवका विचारमा "भाषा नीति तथा भाषा विकासका लागि गरिने काम" (पोखरेल, २०७४ : पृ. ३८ मा उद्धृतांश) नै भाषा योजना हो । शर्मा (सन् २०१६ : पृ. १०) का अनुसार "राष्ट्रका भाषाहरूको स्तर उन्नयन गर्ने प्रक्रियालाई भाषा योजना भनिन्छ । वास्तवमा यो छानिएका भाषाहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा फैलाउने रणनीति हो ।" त्यस्तै क्रिस्टल (सन् २००८, पृ. २६८) का मतमा "भाषा योजना सामाजिक भाषा विज्ञानमा प्रयोग हुने त्यस्तो शब्द हो जसले समुदायमा सम्प्रेषणको समस्या समाधान गर्ने प्रयत्न गर्दछ ।"

उपर्युक्त विचारहरूलाई समेट्दा भाषाको विकास, संरक्षण, संवर्धन र स्तर निर्धारणका सम्बन्धमा आधिकारिक रूपमा तय गरिने कार्यान्वयनको खाकालाई भाषा योजना भनिन्छ । यस्तो योजना कार्यमूलक र प्रायोगिक प्रकृतिको हुनु आवश्यक छ । जसले भाषिक नीतिमा अघि सारिएका विषयलाई कार्यान्वयनको बाटोमा लैजाने गर्दछ । मूलतः यस्तो योजनामा "भाषा नीतिमा सम्बोधन भएका कामलाई व्यावहारिक रूपले राज्यमा लागु गर्नु पर्दा राज्यले बनाएका पूर्वाधारको अध्ययन, प्राकृतिक र मानवीय स्रोत साधनको लगत बटुल्ने काम र त्यसको अध्ययन, कार्यक्रम र कार्यान्वयनका तरिका, चरण विभाजन र कार्यान्वयनको मूल्याङ्कन तथा अनुगमन आदि कार्य तथा प्रक्रियाहरू समेटिएका हुन्छन्" (पोखरेल, २०७४ : पृ. ३८) ।

यिनै सन्दर्भमा प्रस्तुत लेखमा भाषा योजनाको परिचय दिई यसका उद्देश्य, कार्य र आवश्यकताका सम्बन्धमा चर्चा गरिएको छ ।

### अध्ययन विधि

प्रस्तुत लेखलाई गुणात्मक ढाँचामा संरचित गरिएको छ । खास गरी भाषा योजनाको अवधारणा, यसका उद्देश्य र कार्यहरूको चर्चाका लागि सैद्धान्तिक किसिमका पुस्तक र लेखहरूलाई आधार बनाइएको छ । भाषा योजनाको आवश्यकता तथा प्रयोगका लागि भने अध्येताको निजी दृष्टिकोण, सहपाठीहरूसँगको छलफल तथा सम्बन्धित विषय विज्ञको सुझावलाई आधार बनाइएको छ । लेखका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालय पद्धतिबाट विभिन्न सन्दर्भकृतिका सहायताले गरिएको छ भने तिनको सङ्गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ ।

### परिणाम र छलफल

### भाषा योजनाका उद्देश्य

भाषा योजनाका उद्देश्यका सन्दर्भमा सर्वप्रथम फर्गुसनले मानकीकरण, लेख्यचिह्नीकरण र आधुनिकीकरणलाई औँल्याएका छन् । यिनै उद्देश्यहरूलाई हर्नवर्गरले संरचना नीति र संरचना सुधार योजना गरी दुई वर्गमा बाँडेको पाइन्छ (घिमिरे, २०६५) । भाषा योजनाका उद्देश्यलाई पोखरेल (२०७४) ले लक्ष्यका रूपमा चिनाएकी छिन् । यस्ता लक्ष्यहरू उनले एकता, आधुनिकीकरण, कुशलता र प्रजातान्त्रीकरण गरी चार ओटा उल्लेख गरेकी छिन् । यी सबै उद्देश्यहरू समेट्ने गरी मोसे नासिरले प्रस्तुत गरेका एघार ओटा उद्देश्य (घिमिरे, २०६५ : पृ. १३५-१३८ मा उद्धृतांश) हरूलाई निम्न अनुसार चर्चा गरिन्छ :

भाषा शुद्धीकरण : भाषामा रहेका कसरमसरलाई हटाउने र निखार्ने कार्य भाषा शुद्धीकरण हो । यस अन्तर्गत भाषाको आन्तरिक शुद्धीकरण र बाह्य शुद्धीकरण पर्दछन् । जसमा भाषाका अमानक रूप र अशुद्धिलाई हटाएर चोखो रूपको प्रयोगतर्फ केन्द्रित गर्ने कार्य आन्तरिक शुद्धीकरणमा गरिन्छ

भने विदेशी भाषाको प्रभावबाट भाषालाई बचाउने कार्य बाह्य शुद्धीकरणमा गरिन्छ ।

भाषा पुनरुत्थान : भाषाको पुनरुत्थान भनेको प्रयोग प्रचलनमा नरहेको भाषालाई पुनर्जीवित गर्ने कार्य हो । "मातृभाषाका रूपमा बोल्ने वक्ता नै नभएको अथवा न्यून वक्ता भएको भाषालाई समुदायमा स्वाभाविक रूपमा फर्काउने प्रयत्न भाषा योजनाले गर्छ" (घिमिरे, २०६५ : पृ. १२५) । औपनिवेशिक समयमा अपमानित झैँ बनेका आइरिस र वेल्सको पुनः स्तरीकरण गर्नु तथा पूर्णतया मृत रूपमा रहेका हिब्रु र कोर्निसलाई पुनः जागृत गर्नु भाषा पुनरुत्थानका उदाहरण हुन् ।

भाषा सुधार : भाषाको सुधार भनेको भाषालाई सरल बनाउने कार्य हो । "भाषाको प्रयोगलाई सहज, सरल बनाउने अभिप्रायले यसका कुनै विशिष्ट पक्षमा गरिने सोद्देश्यमूलक परिवर्तन भाषा सुधार हो" (घिमिरे, २०६५ : पृ. १३५) । जसमा भाषाका वर्णको सुधार, हिज्जे परिवर्तन, शब्दकोश तथा व्याकरणमा सुधार तथा परिवर्तन गर्ने कार्य गरिन्छ । यस्तो सुधार कतिपय अवस्थामा सिद्धान्त, आस्था, राजनीति, धर्म-संस्कृति, अन्तर्राष्ट्रिय प्रयोग प्रचलन आदिमा पनि भर परेको हुन्छ ।

भाषा मानकीकरण : भाषामा प्रशस्त वर्गीय, क्षेत्रीय, स्थानीय आदि भेदहरू रहेका हुन्छन् । त्यस्तै भाषाका व्यक्ति बोली, भाषिका, उपभाषिका आदि रूपहरू पनि समाजमा प्रचलनमा रहेका हुन्छन् । भाषामा पाइने यस्ता भेद उपभेदहरू मध्ये एउटा भेदलाई औपचारिक र सर्वस्वीकार्य रूपमा विकास गर्ने कार्य नै भाषा मानकीकरण हो । यसरी भाषा योजनाको एउटा मुख्य उद्देश्य भनेको कुनै एक भाषामा रहेका विभिन्न रूपहरू मध्ये एउटा रूपलाई छनोट गरी त्यसको मानक निर्धारण गर्नु पनि हो ।

**भाषा विस्तार :**

भाषाको मानक पहिचान गरेर मात्र त्यो भाषा आम मानिसको पहुँचमा पुग्न सक्दैन । मानक पहिचान गरी प्रयोग गर्न सुझाइएको भाषालाई आम मानिसले नस्वीकार्न सक्छन् । समाजमा रहेको द्विभाषिकता/बहुभाषिकताको व्यावहारिक कठिनाइ, प्रशासनिक जबर्जस्ती अथवा राजनैतिक विचारधाराबाट उत्प्रेरित हुँदा भाषाको विस्तार कार्य कठिन हुन सक्छ । यस्तो अवस्थामा भाषालाई सबैको पहुँचमा पुऱ्याएर उक्त भाषाका वक्ता बढाउन सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गर्ने, भाषा प्रयोग गर्न अभिप्ररित गर्ने, शिक्षण सिकाइको माध्यम बनाउने आदि कार्य गर्नु पर्दछ ।

कोशको आधुनिकीकरण : शब्द भण्डारका दृष्टिले भाषाको शब्दकोश बलियो भए मात्र भाषाको समग्र उन्नयन हुने गर्दछ । शब्दकोशमा सबै क्षेत्र, वर्ग, धर्म, संस्कृति, जातजाति, भूगोल, बसोवास आदिका शब्दहरू समेटिए मात्र त्यस्तो भाषाको प्रयोगतर्फ आकर्षण बढ्ने गर्दछ । यसका लागि विभिन्न भाषाबाट शब्दहरू भित्र्याएर आफ्नो भाषामा रूपान्तर गर्नेदेखि लिएर आफ्नै भाषाका पुराना शब्दहरूलाई प्रचलनमा ल्याउने तथा नवीन शब्दहरूको प्रादुर्भाव गर्नेसम्मका कार्यहरू गर्ने उद्देश्य भाषा योजनाले राखेको हुन्छ ।

पारिभाषिक शब्दावलीको प्रयोग : ज्ञान विज्ञानका कुनै विशेष क्षेत्रमा प्रयोग गरिने शब्दलाई पारिभाषिक शब्दावली भनिन्छ । "भाषामा अर्थगत र सञ्चारगत संदिग्धता कम गर्न पारिभाषिक शब्दावलीको निर्माण र प्रयोग आवश्यक ठानिन्छ" (घिमिरे, २०६५ : पृ. १३७) । यस्ता शब्दहरूको पर्याप्तताले मात्र भाषा मानकीकरण हुने, सबैको पहुँचमा पुग्ने, राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा फैलिने तथा सर्वस्वीकार्य हुने गर्दछ । तसर्थ भाषाका पारिभाषिक शब्दावलीको खोजी, सङ्कलन, निर्माण तथा प्रयोग विस्तारमा चासो राख्नु भाषा योजनाको अर्को महत्त्वपूर्ण उद्देश्य मान्न सकिन्छ ।

शैलीगत सरलीकरण : भाषाको प्रयोगलाई व्याकरण, शब्द भण्डार, वाक्य संरचना आदिका हिसाबले सुबोध र सुललित बनाउने काम शैलीगत सरलीकरण हो । भाषालाई वक्ताको बोली, लवज र प्रयोग हुने वर्गका हिसाबले सरल बनाउने कार्य पनि शैलीगत सरलीकरण हो । भाषाको शैलीको निर्माणमा भूगोल, वासस्थान, जातीयता, आर्थिक अवस्था आदिले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । तसर्थ यी सबै विविधतालाई कम गरी भाषाको सम्प्रेषणीय, मानक र आधिकारिक रूपको निर्माण गर्ने उद्देश्य पनि भाषा योजनाले राखेको हुन्छ ।

अन्तरभाषिक सञ्चार : विभिन्न भाषिक समुदायका सदस्यहरूबिचको आपसी अन्तर्क्रियालाई सहज बनाउने कार्यलाई अन्तरभाषिक सञ्चार भनिन्छ । भाषालाई एक भाषी समुदायबाट अन्य भाषी समुदायमा विस्तार गर्नका लागि यस्तो सञ्चारको आवश्यकता पर्दछ । यस्तो सञ्चार बोलाइबाट सुरु भएर लेखाइमा पुगेर टुङ्गिने गर्दछ । जसका लागि सर्वप्रथम कृत्रिम खालको भाषा निर्माण गरी अन्तरभाषी समुदायको पहुँच कायम गरिन्छ भने त्यसपछि सञ्चार माध्यमको मानक भाषालाई आधार बनाएर भाषिक पहुँच कायम गरिन्छ ।

भाषा सुरक्षण : भाषा योजनाले कुनै एक भाषाको प्रयोग विस्तार र अर्को भाषाको पतनलाई स्वीकार्दैन । यसले त सबै भाषाको समान संरक्षण र संवर्धनको प्रयास गरेको हुन्छ । फलस्वरूप समाजमा प्रभावशाली भाषाको प्रयोग विस्तार गर्दै जाँदा कमजोर र कम मात्र वक्ता भएका भाषाको पनि संरक्षण गर्ने काम भाषा योजनामा गरिन्छ । यसरी कम मात्र वक्ता भएको, लोपोन्मुख प्रकृतिको र प्रयोगमा नआइरहेको मातृभाषालाई संरक्षण गर्नु नै भाषा सुरक्षण हो । भाषा सुरक्षणका लागि वर्णमाला विकास गर्ने, शब्दकोश र व्याकरण निर्माण गर्ने, सञ्चार माध्यममा स्थान दिने, राजनैतिक दबाब हटाउने, पाठ्यक्रम र पाठ्यपुस्तक बनाउने, भाषिक विभेद हटाउने आदि काम पनि भाषा योजना अन्तर्गत नै गरिन्छन् ।

सहायक कोडको निर्माण : भाषाका लिपिचिह्न बाहेकका सङ्केत, प्रतीक, बिम्ब आदिलाई सहायक कोड भनिन्छ । कतिपय अवस्थामा भाषिक अभिव्यक्तिका अलावा वक्ताहरूले हाउभाउ देखाएर, सुसेली हालेर, थपडी बजाएर, गीत गुन्गुनाएर, खोकेर पनि आपसी सञ्चार गरिरहेका हुन्छन् । यस्तो सञ्चारको व्यवस्थाले दृष्टिविहीन, सुस्तश्रवण, वाक् शक्तिविहीन आदिलाई भाषिक बोध र अभिव्यक्तिमा सघाउ पुऱ्याइरहेको हुन्छ । "चाहे सम्प्रेषणको अस्पष्टता न्यून गर्न र सञ्चार वृद्धि गर्न होस् वा सामाजिक तथा राजनीतिक परिवर्तन सुहाउँदो बनाउन अथवा अरू आवश्यकता र आकांक्षा पूर्ण गर्न नै किन नहोस् यस्ता भाषिक सहायक पक्षको परिमार्जन र स्तर निर्धारण आवश्यक हुन्छ" (घिमिरे, २०६५ : पृ. १३८) ।

यसरी भाषा योजनाका उपर्युक्त उद्देश्यहरू सबै एक समान महत्त्वका छन् । तर पनि यी सबै उद्देश्यहरूलाई भाषाको संरक्षण र संवर्धनका क्रममा एकै पटक उपयोगमा ल्याइन्छ भन्ने चाहिँ होइन । देशको सामाजिक, आर्थिक, राजनैतिक अवस्था, द्विभाषिकता/बहुभाषिकताको स्थिति, देशको भूगोल र बसोवासको स्थिति तथा भाषाको अवस्था आदिका आधारमा उद्देश्य निर्धारण गरी भाषा विकासको कार्य सम्पन्न गर्न सकिन्छ ।

**भाषा योजनाका कार्य**

भाषा योजनामा खास गरी मुलुकमा प्रचलित भाषा वा भाषिक भेदहरू मध्येबाट राष्ट्रिय आवश्यकता र अपेक्षा अनुसार भाषाको स्तर र प्रकार्य निर्धारण गरिन्छ । साथै भाषाका विकल्पहरूका बिच उपयुक्त विकल्पको छनोट तथा तिनको संरचना र प्रयोगगत सुधार र परिवर्तनका कार्य पनि यसमा गरिन्छ । यस क्रममा समाजका प्रचलनमा रहेका विभिन्न भाषिक भेदहरू मध्ये कुनै एक कोडको चयन गरी त्यसको प्रोत्साहन, प्रयोग, विस्तार, शुद्धीकरण र आधुनिकीकरण गरिन्छ । यसरी भाषा नीतिले अघि सारेको भाषिक दृष्टिकोणलाई कार्यक्रम बनाएर कार्यान्वयनमा लैजानु भाषा योजनाको मुख्य कार्य हो (घिमिरे, २०६५) ।

भाषा योजना मूलतः समाजमा भाषा प्रयोगका सन्दर्भमा देखिएका सामाजिक, सांस्कृतिक, भाषिक-अन्तर्भाषिक तथा राष्ट्रिय समस्याहरूको समाधानमा केन्द्रित हुन्छ । प्रायः यस्ता समस्याहरू बहुभाषिक मुलुकहरूमा बढी देखा पर्दछन् । बहुभाषिक मुलुकमा अधिकांश भाषाहरू जातीय अस्मिताका रूपमा, कुनै सामाजिक अन्तर्क्रियाका रूपमा, कुनै सांस्कृतिक प्रचलनका रूपमा र कुनै क्षेत्रीय/स्थानीय भेदका रूपमा प्रचलनमा आइरहेका हुन्छन् । यस्तो अवस्थामा भाषाको सरकारी प्रयोग, भाषाका सम्बन्धमा राज्यले अङ्गीकार गरेको नीति तथा भाषिक अल्पसङ्ख्यक व्यक्ति र समूहका मागहरूलाई सन्तुलन कायम गर्न कठिनाइ भइरहेको हुन्छ । यिनै सन्दर्भहरूमा कुन भाषालाई राष्ट्रिय भाषाका रूपमा चयन गर्ने, कुनलाई प्रशासनिक मान्यता दिने, कुन भाषालाई शिक्षाको माध्यम बनाउने, कुनलाई विद्यालयका प्रयोग गर्न प्रतिबन्ध लगाउने, कुन भाषा धार्मिक प्रयोजनका लागि प्रयोग गर्न दिने,

कुन भाषालाई सम्पर्क भाषा बनाउने, कुन भाषालाई सरकारी कामकाजको भाषा बनाउने, कुन भाषालाई मनोरञ्जनको भाषा मान्ने, कुन भाषालाई आमसञ्चारको भाषा मान्ने, कुन भाषालाई व्यापारको माध्यम बनाउने तथा अन्तर्राष्ट्रिय सम्पर्क कायम गर्न कुन भाषा प्रयोग गर्ने भन्ने कुराको निर्क्योल भाषा नीतिमा गरिन्छ भने उक्त नीति अनुसार भाषिक सामर्थ्य बढाउने वा भाषिक प्रयोगमा सीमितता ल्याउने काम भाषा योजनाले गर्दछ (पोखरेल, २०७४) ।

क्रिस्टल (सन् २००८) का अनुसार "भाषा योजनाले विविध भाषा र भाषिकाहरूको प्रयोगको विविध अध्ययन गरी विकसित र वास्तविक नीति निर्माण गर्दछ, जुन तिनीहरूको छनोट र प्रयोगसँग सम्बन्धित हुन्छ । अझ कहिलेकाहीँ त भाषा पुनर्संरचना (Language engineering) र कहिलेकाहीँ भाषा उपचार (Language treatment) का लागि समेत सिफारिस गर्दछ" (पृ. २६८) । क्रिस्टलको मतलाई विश्लेषण गर्दा भाषा योजना भाषाको छनोट र प्रयोग पक्षसँग सम्बन्धित रहेको देखिन्छ जसले आवश्यकता अनुसार भाषाको पुनर्संरचना गर्ने र तिनको उपचार गर्ने समेतका कार्यहरू गर्ने स्पष्ट हुन आउँछ ।

उपर्युक्त सन्दर्भहरूमा भाषा योजनाका कार्यहरूलाई पौडेल (२०७६) का अनुसार निम्न अनुसार चर्चा गर्न सकिन्छ :

भाषिक व्यवस्थापन : भाषा योजनाको मुख्य कार्य राष्ट्रभित्र बोलिने भाषाहरूको उचित व्यवस्थापन गर्नु हो । यस अन्तर्गत एक भाषिक वा बहुभाषिक स्थितिमा भाषा प्रयोगको प्रकृतिका आधारमा अल्पकालीन र दीर्घकालीन योजना निर्माण गर्ने गरिन्छ र उक्त योजना अनुसार भाषा प्रयोग अवस्थाका आधारमा भाषिक स्तर र भूमिका निर्क्योल गर्ने काम गरिन्छ ।

भाषाको संरक्षण, विकास र संवर्धन : राष्ट्रभित्रका सम्पूर्ण भाषाहरूको यथोचित संरक्षण, विकास र संवर्धन गर्नु भाषा योजनाको अर्को महत्त्वपूर्ण कार्य हो । समाजमा ठुला भाषिक समुदायका तुलनामा साना भाषिक समुदायले बढी भाषिक दबाब झेल्नु पर्ने हुन्छ । जसबाट उनीहरू भाषिक अपसरण हुन गई आफ्नो भाषा नै प्रयोग गर्न छोड्ने खतरा उत्पन्न हुन सक्छ । समाजमा प्रचलित प्रभावशाली भाषा नजानेकै कारण उनीहरूले सामाजिक, राजनैतिक, आर्थिक वञ्चितीकरणको सामना गर्नु पर्ने हुन सक्छ । यस्तो अवस्थाको अन्त्य गर्नका लागि भाषा योजनाको अवधारणा अघि सारिएको हुनाले भाषा योजनाले समुदायका सम्पूर्ण भाषाहरूको यथोचित रूपमा संरक्षण, संवर्धन र विकासको कार्य गर्नु पर्ने मान्यता राखिएको हो ।

भाषिक जीवन्तता : भाषाको विकास, संवर्धन र प्रयोग विस्तार साँच्चै नै प्रभावकारी भएको अवस्थालाई भाषिक जीवन्तता भनिन्छ । भाषा संरक्षणको नारा लगाउँदै कागजमा सीमित योजना बनाउँदैमा भाषिक जीवन्तता प्राप्त हुन सक्दैन । यसका लागि त अलेख्य रूपमा रहेका भाषाहरूको लेख्य परम्परा विकास, लिपि र वर्णमाला निर्माण, शब्दकोश तथा व्याकरणको लेखन, पत्रपत्रिका प्रकाशन, पठनपाठनको माध्यमका रूपमा भाषाको प्रयोग आदि कार्य सम्पादनका माध्यमबाट भाषालाई व्यापक स्तरमा प्रयोग प्रचलनमा ल्याउनु जरुरी हुन्छ ।

सामाजिक सद्भाव र राष्ट्रियताको भावको जागरण : भाषाको विकास तथा संवर्धन सामाजिक सद्भाव तथा राष्ट्रियताको भावसँग पनि गाँसिएको विषय हो । भाषा विकासको योजना विशुद्ध प्राविधिक र आर्थिक पाटोसँग मात्र सम्बन्धित विषय होइन, यसमा देशको भौगोलिक अखण्डता, सामाजिक-सांस्कृतिक पारस्पारिकता, हार्दिकता, भावनात्मक एकता तथा राजनैतिक इच्छाशक्ति आदि विषयहरू पनि प्रत्यक्ष गाँसिएका हुन्छन् । भाषा प्रयोगका आधारमा सबै समुदायले बराबरी महसुस गर्ने वातावरण भाषा योजनाले निर्माण गर्नु पर्दछ । भाषा योजनाले भाषिक समानता कायम गरेको, जातीय पहिचानलाई सुरक्षित गरेको तथा भाषाका आडमा हुने भेदभाव र उत्पीडनलाई निर्मूल गरेको अवस्थामा नै भाषा योजना सफल भएको मान्न सकिन्छ । यसरी भाषा योजनाका कार्यहरूमा भाषिक व्यवस्थापन, भाषाको संरक्षण, विकास र सम्वर्धन, भाषिक जीवन्तता तथा सामाजिक सद्भाव र राष्ट्रियताको भावको जागरण आदि मुख्य मानिन्छन् ।

**भाषा योजनाको आवश्यकता**

भाषा योजनाले समाजका भाषाको यथार्थ अवस्था पत्ता लगाई तिनको संरक्षण, संवर्धन र विकासका लागि काम गर्दछ । यसले मानक भाषा बाहेकका अन्य भाषिका उपभाषिकाको अस्तित्व जोगाउने काम पनि गर्दछ । जसबाट भाषिक अपक्षय, मृत्यु तथा भाषिक अपसरण जस्ता भाषाका नकारात्मक प्रवृत्तिहरू रोकिन गई भाषाहरू सबल बन्न पुग्छन् । भाषाको संरक्षण र संवर्धनसँगै सामाजिक सांस्कृतिक रीतिरिवाज र धार्मिक परम्पराको पनि संरक्षण र संवर्धन भइरहेको हुन्छ । यसरी भाषा योजनाबाट भाषाको विकास सँगसँगै सामाजिक सांस्कृतिक परम्पराको पनि संरक्षण हुने भएकाले भाषा योजनालाई आवश्यक ठानिएको हो ।

भाषाले सामाजिक परिवर्तन र आधुनिकीकरणलाई पनि समेट्न सक्नु पर्दछ । यदि यस्तो भएन भने समाजमा अन्तर्क्रियाको समस्या देखा पर्ने गर्दछ, भाषिक द्वन्द्वको अवस्था सिर्जना हुन सक्दछ अनि राष्ट्र विखण्डनको अवस्थामा समेत पुग्न सक्दछ । उदाहरणका लागि धर्मका आधारमा भारतबाट अलग भएको पाकिस्तानमा उर्दू भाषालाई जबर्जस्ती लाद्न खोज्दा बङ्गाली भाषीको विद्रोहका कारण बङ्गलादेश जन्मिन पुगेको हो । यस्ता समस्याहरूलाई समाधान गरी सामाजिक भाषालाई गतिशील र जीवन्त बनाउन, सामाजिक अन्तर्क्रियालाई समेट्न सक्ने बनाउन तथा सामाजिक सद्भाव कायम राखिराख्न भाषा योजनाको आवश्यकता महसुस गरिएको हो । यसरी विभिन्न भाषाभाषीहरूका बिच अन्तर्सम्बन्ध बढाउन, राष्ट्रिय अखण्डता कायम गर्न तथा अन्तरसम्प्रेषणीयता कायम राख्नका लागि भाषा योजना अत्यन्त आवश्यक मानिन्छ (अधिकारी, २०६२) ।

भाषा व्यक्तिको अन्तर्क्रियाको माध्यम मात्र नभएर बौद्धिक, सामाजिक र वैयक्तिक विकासको अभिन्न अङ्ग समेत हो । आजभोलि भाषाको पहुँचलाई जीवन यापनको माध्यम, ज्ञानको भण्डारसम्मको पहुँच तथा व्यक्तित्व विकासको उपागमका रूपमा समेत स्वीकारिएको पाइन्छ । भाषाको सुधारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामाजिक, आर्थिक, राजनैतिक र बौद्धिक विकासमा टेवा पुऱ्याउँछ । यस अर्थमा भाषाको प्रयोग स्थानीय, क्षेत्रीय वा सामाजिक रूपमा मात्र नभई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा समेत भइरहेको पाइन्छ । "यसरी भाषालाई क्षेत्रीय, स्थानीय वा सामाजिक भेदभन्दा माथि उठाएर राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा समेत व्यापकता प्रदान गर्ने क्रममा केही खास भाषिक पद्धति र प्रक्रियाहरू पुरा गर्नका लागि भाषा योजनाको आवश्यकता पर्छ" (घिमिरे, २०६५ : पृ. १२३) । जसका लागि भाषा योजनाले वर्णमाला र लिपिको निर्धारण, शब्दकोश र व्याकरणको लेखन, शब्दकोश निर्माण, साहित्यिक प्रयोग, पत्रपत्रिका प्रकाशन जस्ता उपागमहरू अपनाउने गर्दछ ।

भाषा योजनाको औचित्य र आवश्यकतालाई स्पष्ट पार्दै 'राष्ट्रिय भाषा नीति सुझाव आयोग' को प्रतिवेदन, २०५० ले यस्तो सुझाव प्रस्तुत गरेको छ - "राष्ट्रिय भाषाहरूको विकासका निम्ति भाषा योजना तर्जुमा गरी तिनमा मानकको चयन, लेखन पद्धति (वर्णमाला, लिपि, हिज्जे) को निर्धारण, शब्द भण्डारको विकास, शब्दकोश र व्याकरणको निर्माणका साथै प्रयोग क्षेत्रको विस्तार (सञ्चार, प्रशासन आदिमा) का लागि कार्य गरिनु पर्ने ।" प्रतिवेदनको यो सुझावले भाषाहरूको विकासका लागि भाषा योजनाको आवश्यकतालाई अनिवार्य मानेको देखिन्छ । यस सुझावलाई अध्ययन गर्दा भाषाको मानक चयन, लेखन पद्धतिको निर्धारण, शब्द भण्डारको विकास, शब्दकोश र व्याकरणको निर्माण तथा प्रयोग क्षेत्र विस्तारको कार्य भाषा योजनाबाट मात्र सम्भव हुने स्पष्ट हुन आउँछ ।

**निष्कर्ष**

भाषिक वा समाज भाषिक स्तर परिवर्तन तथा भाषिक विकासको उद्देश्य राखेर संस्थागत रूपमा गरिने सङ्गठित प्रयासलाई भाषा योजना भनिन्छ । समाज भाषा विज्ञानको प्रायोगिक पक्षका रूपमा रहेको भाषा योजनाले भाषा नीतिलाई व्यवहारमा लागु गर्ने कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्दछ । यस्तो योजनाले मूलतः भाषाको संरक्षण, संवर्धन र प्रयोग विस्तार गर्ने उद्देश्य राखेको हुन्छ । यसका साथै लोपोन्मुख, मृतप्रायः र मानक भाषाका सम्बन्धमा पनि आवश्यकता अनुसार सुधारका कदमहरू चाल्ने काम भाषा योजनामा

गरिन्छ। यसरी भाषालाई विस्तार गर्ने, भाषिक जीवन्तता कायम गर्ने, राष्ट्रिय अखण्डता कायम गर्ने, भाषालाई देश विदेशसम्म प्रचारप्रसार गर्ने आदि कार्य गर्ने भएकाले एक भाषिक वा बहुभाषिक मुलुकका लागि भाषा योजनाको निर्माण र कार्यान्वयन आवश्यक मानिन्छ।

**सन्दर्भ सामग्रीहरू:**


अधिकारी, हेमाङ्गराज (२०६२), सामाजिक र प्रायोगिक भाषा विज्ञान (ते. संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

क्रिस्टल, डी. (सन् २००८), अ डिक्सनरी अफ लिङ्ग्विस्टिक एन्ड फोनेटिक्स (छै. संस्क.), युएसए : ब्ल्याकवेल पब्लिसिङ ।

घिमिरे, वासुदेव (२०६५), समाज भाषा विज्ञान, काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा. लि. ।

पोखरेल, शैलजा (२०७४), भाषा योजना र नेपाल, माधव प्रसाद पोखरेल ( सम्पा.), जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (पृ. ३८-४९), ललितपुर : जगदम्बा प्रकाशन ।

पौडेल, राजेन्द्रप्रसाद (३० भदौ, २०७६), भाषा योजनाको उद्देश्य र कार्य, ह्यान्डस्आउट, त्रि.वि., कीर्तिपुर ।

राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०), राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन, काठमाडौँ : स्वयम् ।

वार्डहग, आर. (सन् २००६), एन इन्ट्रोडक्सन टु सोसियोलिङ्ग्विस्टिक्स (पाँ. संस्क.), युएसए : ब्ल्याकवेल पब्लिसिङ ।

शर्मा, विकास (सन् २०१६), रिडिङ इन सोसियोलिङ्ग्विस्टिक्स (ते. संस्क.), काठमाडौँ : सनलाइट पब्लिकेसन ।